बैठक संख्या: ३

आज मिति २०८२ साल माघ १५ गते बिहीबार रुरुक्षेत्र गाउँपालिका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्ताबमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय: दिनको १०:३० बजे

स्थान: कार्यपालिका बैठक कक्ष

उपस्थिति:

| क्र.सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिना देवी गौतम | |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोती प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरि प्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरिकला वराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धिमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री दिनेश ज्ञवाली | |

| बैठक संचालन सहयोगी |
|---|
| सहायक लेखा अधिकृत श्री हेम बहादुर कार्की |
| सहायक कम्प्युटर अधिकृत श्री दामोदर ज्ञवाली |
| ना.सु. श्री राम प्रसाद ज्ञवाली |
| ना.सु. श्री ज्ञानेन्द्र वि.क. |
| का.स. श्री पार्वती पाण्डे |

मिती २०८२ माघ १५ गतेको गाउँ कार्यपालिका बैठकका एजेन्डाहरु:

१. एकिकृत घुम्ती शिविरको समिक्षा सम्बन्धमा ।

२. कानुनी व्यवसायी नियुक्ती गरी अख्तियारी दिने सम्बन्धमा ।

३. विपन्न नागरिकहरुलाइ औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा ।

**मिति २०८२/१०/१५ गतेको नवौ गाउँकार्यपालिका बैठकका निर्णयहरु:**

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णयहरु</th></tr>
<tr><td>१.</td><td>गाउँपालिकाबाट मिति २०८२ माघ ६ गते देखी १३ गतेसम्म सबै वडा कार्यालयहरुमा गई एकिकृत घुम्ती सेवा संचालन गरिएकोमा उक्त एकिकृत घुम्ती सेवाको समिक्षा गरियो । घुम्ति सेवाबाट ७१४ जना नागरिकहरुले सेवा लिएको हुँदा आगामी दिनमा संचालन हुने घुम्ति सेवालाई थप प्रभावकारी बनाउने ।</td></tr>
<tr><td>२.</td><td>मुद्दा नं. ०८२-CP-०१९० र मुद्दा नं. ०८२-CP-०१९३ को करार बमोजिमको रकम दिलाई भराई पाउँ भनी Dynamic Computer Rurukshetra-4 Baletaksar, मुद्दा नं. ०८२-CP-०१९२ को करार बमोजिमको रकम दिलाई भराई पाउँ भनी Hi-Speed Computer Resunga-1, Gulmi र मुद्दा नं. ०८२-CP-०१९१, मुद्दा नं. ०८२-CP-०१९४, मुद्दा नं. ०८२-CP-०१९५ र ०८२-CP-०१९६ को करार बमोजिमको रकम दिलाई भराई पाउँ भनी Tesla Business Group Pvt. Ltd., Butwal-6, Rupandehi ले सम्मानित गुल्मी जिल्ला अदालतमा दर्ता गराएको मुद्दामा रुरुक्षेत्र गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, प्रमुख प्रशासकीय अधिकृत, रुरुक्षेत्र गाउँ कार्यपालिकाको कार्यालय, यस गाउँपालिकामा रहेका ७ वटा माध्यमिक विद्यालय, विद्यालयका व्यवस्थापन समिति र ७ वटा विद्यालयका प्रधानाध्यपकलाई विपक्षी बनाएको हुँदा उक्त मुद्दाको बहस पैरवी लगायत गाउँपालिकाबाट गर्नुपर्ने सम्पूर्ण कार्य गर्नको लागि अधिबक्ता प्रमाण पत्र नं. १०८८३ का श्री लक्ष्मण सापकोटालाई अख्तियारी प्रदान गर्ने । साथै मुद्दाको विषयमा दस्तखत लगायतका कार्यको लागि प्रमुख प्रशासकीय अधिकृतलाई र गर्नुपर्ने कार्यको लागि गाउँपालिकाबाट सहायक प्रशासकीय अधिकृत श्री कमल लम्साललाई जिम्मेवारी दिने ।</td></tr>
<tr><td>३.</td><td>मृगौला प्रत्यारोपण, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधिउपचार बापतखर्च उपलब्ध गराउने सम्बन्धीकार्यविधि, २०७८ बमोजिम गाउँपालिकास्तरीय आर्थिक रुपले विपन्न नागरिकहरुलाई औषधी उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि सिफारिस गर्न गठित समितिको सिफारिसको आधारमा देहायका व्यक्तिलाई मासिक रुपमा रु. ५,०००/- (अक्षरुपी पाँचहजार) उपलब्ध गराउने ।<br>देहाय:<br><table><tr><th>क.सं.</th><th>नाम थर</th><th>ठेगाना</th><th>रोगको किसिम</th><th>ना.प्र.प.नं.</th><th>लागु हुने मिति</th></tr><tr><td>१.</td><td>तिल कुमारी राना</td><td>रुरुक्षेत्र-५</td><td>क्यान्सर</td><td>११८५१</td><td>२०८२ माघ १</td></tr><tr><td>२.</td><td>सिता कुमारी श्रेष्ठ</td><td>रुरुक्षेत्र-४</td><td>क्यान्सर</td><td>१८६</td><td>२०८२ माघ १</td></tr></table></td></tr>
</table>